REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 14.04.2026

**मुख्यः शुभकामना**

नयाँ वर्षको आगमन, कृषिजन्य समृद्धि र सांस्कृतिक एकतालाई प्रतीकात्मक रूपमा दर्शाउने पावन पर्व वैशाखीको शुभअवसरमा मुख्यमंत्री प्रेम सिंह तामांगले सबैमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्नु भएको छ।

यस दिनले आपसी सद्भावना, मैत्री, एकता अनि खुशीको वातावरणलाई अझ सुदृढ़ बनाओस् भन्ने कामना श्री तामांगले गर्नु भएको छ।

**डा.भीमराव आंबेडकर राज्यपाल, मुख्यमन्त्री शुभकामना**

सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले डा. भीमराव आंबेडकरको १३५ औं जन्म जयन्तीको अवसरमा सिक्किमवासीहरूलाई शुभकामना दिनु भएकोछ। यस अवसरमा, उहाँले सबै नागरिकहरूलाई बाबा साहेबका आदर्शहरूलाई आफ्नो जीवनमा लागू गर्न, सामाजिक सद्भावलाई प्रवर्द्धन गर्न र संविधानमा निहित मूल्यमान्यताको रक्षा गर्न संकल्प गर्ने आह्वान गर्नुभएको छ। यसरिनै डा. बी. आर अम्बेडकरको जन्मयन्तीको अवसरमा मुख्यमन्त्री प्रेम सिंह तामांगले पनि सबैलाई हार्दिक शुभकामना दिनु भएकोछ। यस दिनले हामी सबैलाई अझ समतामूलक र दयालु समाजको लागि नयाँ उद्देश्यका साथ मिलेर काम गर्न प्रेरित गरोस् भन्ने कामना उहाँले गर्नुभयो।

## गान्तोकमा डा.बी आर . अम्बेडकरको १ ३ ५ औं जन्मजयन्ती  राज्यस्तरीय रूपमा सम्पन्न

गान्तोकमा भारतरत्न डा. बी आर अम्बेडकरको १ ३ ५औं जन्मजयन्ती  आज राज्यस्तरीय रूपमा पालन गरियो। सिक्किम सरकारको समाज कल्याण विभाग तथा अनुसूचित जाति कल्याण संघको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रम  सिक्किम विधानसभा परिसरमा आयोजित गरिएको थियो। कार्यक्रममा राज्यपाल ओम प्रकाश माथुर मुख्य अतिथि तथा मुख्यमन्त्री प्रेमसिंह तामाङ विशिष्ट अतिथिका रूपमा उपस्थित रहनुभएको थियो। राज्यपाल मुख्यमन्त्रीसहित मन्त्रीमण्डलका  सदस्यहरू, विधायकहरू तथा  उच्च पदस्थ सरकारी अधिकारीहरूले संविधानवेत्ता डा. अम्बेडकरको प्रतिमामा माल्यार्पण गर्दै श्रद्धासुमन अर्पण गरेका थिए।

## गान्तोकमा नेपाली साहित्य परिषद् सिक्किमद्वारा वैशाखी पर्व 2083 भव्य रूपमा सम्पन्न

नेपाली साहित्य परिषद् सिक्किमद्वारा वैशाखी पर्व 2083 गान्तोकस्थित एस. सी. भवनमा भव्य रूपमा पालन गरियो। कार्यक्रममा पूर्व मन्त्री तथा मुख्यमन्त्रीका सल्लाहकार कुङ्गा निमा लेप्चा प्रमुख अतिथिका रूपमाउपस्थित रहेका थिए भने परिषद्का अध्यक्ष हरि ढुंगेलले सभाध्यक्षता गरेका थिए।

कार्यक्रमको मुख्य आकर्षणका रूपमा कञ्चनजङ्गा राज्य विश्वविद्यालयका प्राध्यापक डा. कृष्ण सापकोटाले वैशाखी पर्वको महत्व र विशेषताबारे विचार राखे।

## सिक्किमको युवा प्रतिनिधिमण्डलको माई भारत बजेट क्वेस्ट 2026 मा राष्ट्रिय फाइनलमा धाक

सिक्किमको एक युवा प्रतिनिधिमण्डलले पूर्वोत्तर क्षेत्रको प्रतिनिधित्व गर्दै माई भारत बजेट क्वेस्ट 2026 को राष्ट्रिय चरणमा भाग लिएको थियो। यो कार्यक्रम 12 र 13 अप्रिल, 2026 मा मेघालयको शिलोङमा आयोजना गरिएको थियो।

भारत सरकारको युवा मामिला तथा खेलकुद मन्त्रालय अन्तर्गत माई भारतद्वारा राष्ट्रिय स्तरको यो पहल आयोजना गरिएको थियो। कार्यक्रममा देशभरका 12 लाखभन्दा बढी युवाहरूको सहभागिता देखियो। राज्यलाई गौरव थप्दै, सिक्किमकी भूमिका छेत्रीले राष्ट्रिय स्तरको कार्यक्रमको लागि एंकरको रूपमा काम गरिन्। माई भारत राज्य कार्यालय, गान्तोकका लेखा अधिकारी दिलीप शर्माले कार्यक्रमबारे भने.. बाइट........

भारत सरकारका श्रम तथा रोजगार मन्त्री एवम् युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मांडवीयाले कार्यक्रममा भर्चुअल सम्बोधन गर्नुभएको थियो। प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देश पनि सहभागीहरूसँग साझा गरिएको थियो।

## प्रधानमन्त्रीको आगामी सिक्किम भ्रमणको तयारी निरीक्षण गरियो

प्रधानमन्त्री नरेन्द्र मोदीको आगामी सिक्किम भ्रमणको तयारीका लागि मुख्य सचिव आर तेलङको नेतृत्वमा पाल्जोर स्टेडियममा निरीक्षण गरियो।

भ्रमण पूर्व रेकीको एक भागको रूपमा गरिएको निरीक्षण, प्रधानमन्त्रीको आगमन अगावै सबै व्यवस्थाहरू सावधानीपूर्वक योजनाबद्ध तरिकाले कार्यान्वयन गर्न सुनिश्चित गरिने उद्देश्यले गरिएको थियो।